# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/१०/०९ गते सर्वोच्च अदालतमा गरीएको ७३ नं. को निवेदनको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु **रामचन्द्र अधिकारी** र **तुल्सीराम बुढा मगर** मु.नं (०८२-**CR**-००१५) आदेश मिति २०८२/०८/०७ २०८२।०८।१४ | घुस रिसवत लिने दिने कार्य गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• प्रस्तुत मुद्दामा प्रतिबादी मध्येका तुल्सीराम बुढा मगरले जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.१६ स्थित रहेको भनिएको नक्सा नं.२५, २६ र २८ जग्गाको सम्वन्धमा प्रतिवादीहरु सुजन कुमार तामाङ, याम कुमारी गुरुङ र तुल्सीराम बुढा मगरसमेतको मिलेमतो तथा योजनामा बदनियत राखि दुर्गादिवी शाहको हकवालाको नाममा आउने एकमुष्ठ जग्गाको ४० प्रतिशत आफू समेतले लाभ प्राप्त गर्न गराउन करार (सम्झौता) गरी गराई याम कुमारी गुरुङको खातामा रकम जम्मा गरी सोही सम्झौता वमोजिमको कार्य मालपोत कार्यालय कास्की तत्कालिन प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारीवाट गरे गराई रहेको अवस्थामा कार्यसम्पन्न हुनु भन्दा अघि नै निज प्रतिवादी रामचन्द्र अधिकारीको सरुवा भएको हुँदा करार सम्झौता कार्यावन्यन गर्न गराउन निज प्रतिवादी रामचन्द्र अधिकारीको सरुवा भए पश्चात असम्भव जस्तो भए पश्चात निज प्रतिवादीहरु सुजन कुमार तामाङ, याम कुमारी गुरुङ, तुल्सीराम बुढा मगर र रामचन्द्र अधिकारीसमेतले उक्त सरुवा स्थगन/थमौती गर्न गराउन उच्च अदालत पाटनमा उत्प्रेषणसमेतको रिट निवेदन दर्ता गरेको देखिएकोमा अदालतवाट आफू अनुकुलको अन्तरिम आदेशसमेतको कुनै आज्ञा आदेश प्राप्त नभए पश्चात भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका पूर्व मन्त्री तथा संघीय संसद प्रतिनिधीसभा सदस्य रन्जिता श्रेष्ठ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रायलका तत्कालिन मन्त्री राजकुमार गुप्तासमेतका राष्ट्रसेवकवाट पदको दुरुपयोग गरी गराई निज प्रतिवादीहरुले निज चिरञ्जिवी पौडेललाई भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट अन्य मन्त्रालय वा मातहतमा सरुवा गरी गराई प्रतिवादी रामचन्द्र अधिकारीलाई मालपोत कार्यालय कास्कीमा सरुवा थमौतीको लागि आवश्यक सहजिकरण गर्न गराउन रु.५३,००,०००।–(अक्षरेपी त्रिपन्न लाख) र सोही समयमा भूमि समस्या समाधान आयोग कास्कीको अध्यक्ष पदमा नियुक्ति गर्ने निर्णय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट हुन लागेको अवस्था | **आदेशः**<br>प्रतिवादीहरुलाई धरौटी रकम लिइ छोडने आदेश भएको।<br>**विशेष अदालतले आदेश गर्दा लिएका आधारहरुः**<br>• प्रतिबादी तुल्सीराम बुढा मगरले तुल्सीराम बुढा मगरले यस अदालत समक्ष बयान गर्दा मैले याम कुमारी गुरुङ्गलाई दुई बर्ष अगाडी सापटी स्वरुप दिएको रकमलाई घुस रिसवत भनी लगाइएको आरोप झुठ्ठा हो । मैले कोही कसैसँग घुस रिसवत लिएको दिएको छैन र आफू निर्दोष रहेको भनी कसूरमा इन्कार रही बयान गरेको देखियो । मिसिल संलग्न उजुरी बेहोरा, घटनास्थल मुचुल्का, फरेन्सिक ल्याब प्रतिवेदन, CDR रिपोर्ट, मोबाइल फोनको संवादसमेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट निज प्रतिवादीको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (घ) को अवस्थाको विद्यमानता रहेको देखिएकोले प्रतिबादी तुल्सीराम बुढा मगरबाट रू ५,००,०००।—(पाँच लाख) धरौटी वा सो बराबरको बैंक जमानत दिए लिई निज प्रतिबादीहरूलाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने ।<br>• प्रतिवादी रामचन्द्र अधिकारीले अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा र आज यस अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कारी रही बयान गरेको देखियो । मिसिल संलग्न उजुरी बेहोरा, घटनास्थल मुचुल्का, फरेन्सिक ल्याब प्रतिवेदन, CDR रिपोर्ट, मोबाइल फोनको संवादसमेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट निज प्रतिवादीको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (घ) को | • तत्कालिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्तासमेतले कास्की जिल्ला स्थित मालपोत कार्यालयका तत्कालिन प्रमुख रामचन्द्र अधिकारीलाई सरुवा थमौती गरिदिन्छु भनी घरजग्गा व्यवसायीसँग ५३ लाख रुपैया लिएको र घरजग्गा व्यवसायीबाट मन्त्री भूमि आयोगको सदस्य बनाउनका लागि २५ लाख रुपैया घुस डिल गरेको भन्ने समेत ब्यहोराको उजुरीको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा **कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १६ दिप विर्ता जग्गा**को सम्बन्धमा बादी **दुर्गादिवी शाह र प्रतिवादी राजेन्द्रजंग राणा समेत भएको जग्गा खिचोला लिखत बदर मुद्दा र** बादी **दुर्गादिवी शाह र प्रतिवादी ना.सु. होम बहादुर थापा समेत भएको जालसाँजी मुद्दामा** पश्चिम क्षेत्रीय अदालत, पोखराको मिति **२०३१।१२।२९**,गण्डकी अञ्चल अदालतको मिति **२०३७।११।६ र** पश्चिम क्षेत्रीय अदालत पोखराको **२०४०।१०।३ मा भ**एको फैसला अनुसार **नक्सा नं. २५, २६ र २८** को जग्गाहरु वादी दुर्गादिवी शाहको हक कायम हुने ठहरी फैसला भएको देखिन्छ।**बादी दाबीको उक्त नक्सा नं. २५,२६ र २८** को जग्गा दुर्गादिवी शाहको हक कायम हुने ठहरी **फैसला भई अन्तिम भएको** बेहोरा जानकारीका लागि अनुरोध” भन्ने समेत बेहोराको **उच्च अदालत, पोखराको च.नं.** ०८०-०९-००५४७४, **मिति** २०८०।०९।२३ को पत्रद्वारा मालपोत कार्यालय, पोखरा, कास्कीलाई पत्र पठाएको देखिन्छ। फैसलामा उल्लिखित किल्ला भित्रको नक्सा नं. २५,२६ र २८ को जग्गा नामसारी दा.खा. गरी फैसला बमोजिम पुर्जा पाउँ भन्ने समेत बेहोराको दुर्गादिवी शाहको हकवालाहरु सुरज शाह ठकुरीले मिति २०८०/०९/०६ र गिता देवी शाह र सुनिल शाह ठकुरीले मिति २०८०/१०/२५ गते मालपोत कार्यालय कास्कीमा निवेदन दिएको समेत देखिन्छ। मिति २०८१।०२।२० गते जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. १६ स्थित जग्गाको फैसलामा उल्लिखित नक्सा नं. २५, २६ र २८ को जग्गाको ६० % हकवाला र ४०% जग्गा दर्ता नामसारीको काम गर्ने व्यक्तिहरूले लिने शर्तमा दुर्गादिवी शाहको हकवाला सुरज शाह ठकुरी समेत र यि प्रतिवादी तुल्सीराम बुढामगर समेतको विचमा करारनामा संझौता गरेको देखिन्छ । सो कार्यको लागी प्रतिवादी याम कुमारी गुरुङको नाममा गरिमा विकास बैंकमा मिति २०८१/०२/२८ गते खाता नं. ००४११८०१२३८४५६००००01 को खाता खोली सोमा प्रतिवादी तुल्सीराम बुढा मगरको सोही बैङ्कमा रहेको खाता नं. ०६५१०९०११४४३९६००००01 बाट मिति २०८१/०२/२९ गते रु.१,००,०००००।— (एक करोड) र मिति २०८१/०२/३२ गते रु.७५,००,०००।— (पचहत्तर लाख) रुपैया जम्मा गरि जम्मा रु. १७५०००००।— रुपैया जम्मा गरेको देखिन्छ।यसरी उक्त जग्गा दर्ता नामसारी तथा हक कायम गर्ने कार्यको लागी मालपोत कार्यालय समेतमा घुस\रिसवत दिई कारोवार गर्ने कार्यमा प्रारम्भिक चरण देखि नै संलग्न भई करार संझौता गर्ने तथा घुसरिसवतको रकम लगानी गरि मिलाइ ४०% जग्गा समेत आफूले लिने खाने गरि लाब प्राप्त गर्ने यि प्रतिवादी तल्सीराम बुढाको हकमा मिशिल संलग्न उक्त प्रमाणको विवेचना नगरि सजाय मागदावी र विगोको तुलनाम अत्यन्त न्युन धरौटी माग गरि विशेष अदालतवाट भएको थुनछेक आदेश प्रमाण मुल्यांकनको रोहमा बेरित भई त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• सोही शिलशिलामा भूमि व्यवस्था मन्त्रालयको मिति २०८१।९।१८ गतेको सचिव स्तरीय निर्णयानुसार मालपोत कार्यालय, कास्कीका प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारीको मालपोत कार्यालय लमजुङ्ग र मालपोत कार्यालय, कास्कीमा चिरन्जीवी पौडेलको सरुवा भएकोले उक्त सरुवा थमौतीको लागी प्रतिवादी रामचन्द्र अधिकारीले मिति २०८१/०९/२२ गते उच्च अदालत पाटनमा ०८१-WO- १३२६ नं को उत्प्रेषण समेतको रीट निवेदन रिट दायर गरेको देखिन्छ। सो रीटमा उच्च अदालत पाटनवाट मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रहेकोले घर जग्गा व्यवसायी तथा सुकुम्वासी भनी चिनाउने प्रतिवादी सुजन कुमार तामाङसमेतले अन्य प्रतिवादीहरु याम कुमारी गुरुङ, तुल्सीराम बुढा मगर र खम वहादुर पुन सँगको मिलेमतोमा उक्त अध्यक्ष पदमा आफू अनुकुलको व्यक्ति प्रतिवादी खम वहादुर पुनलाई नियुक्तसमेतको लागि सहजिकरण गर्न गराउन रु.२५,००,०००।–(अक्षरेपी पच्चीस लाख) समेत गरी जम्मा रु.७८,००,०००।–(अक्षेरपी अठहत्तर लाख) बराबरको घुस रिसवत रकम प्रतिवादी तुल्सीराम बुढा मगरले राष्ट्रसेवक प्रतिवादीहरु राजकुमार गुप्तासमेतलाई दिई दिन लगाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसूर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी तुल्सीराम बुढा मगरलाई बिगो रु.७८,००,०००।– (अक्षरेपी अठहत्तर लाख) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरे वमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत जफत हुन मागदाबी लिइ बिशेष अदालतमा आरोपपत्र दायर गरिएको अवस्था छ।<br>• प्रतिवादी मध्येका रामचन्द्र अधिकारी मालपोत कार्यालय, कास्की, पोखराका तत्कालीन प्रमुख मालपोत अधिकृत पदमा कार्यरत रहेको देखिन्छ । करार सम्झौता बमोजिमको नक्सा नं.२५, २६ र २८ को सम्वन्धमा आवश्यक निर्णय गर्ने गराउन अधिकार मालपोत ऐन, २०३४ लगायतको प्रचलित कानूनबमोजिम सम्वन्धित मालपोत कार्यालय कास्कीका प्रमुख मालपोत अधिकृतलाई रहे भएको देखिन्छ। जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.१६ स्थित रहेको भनिएको नक्सा नं.२५, २६ र २८ जग्गाको सम्वन्धमा प्रतिवादीहरु सुजन कुमार तामाङ, याम कुमारी गुरुङ र तुल्सीराम बुढा मगरसमेतको मिलेमतो तथा योजनामा बदनियत राखि दुर्गादिवी शाहको हकवालाको नाममा | अवस्थाको विद्यमानता रहेको देखिएकोले प्रतिबादी रामचन्द्र अधिकारीबाट रू ५,००,०००।—(पाँच लाख) नगद धरौटी वा सो बराबरको बैंक जमानत दिए लिई निज प्रतिबादीहरूलाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने । | २०८१।०९।२६ आफू अनुकुलको अन्तरिम आदेश समेतको कुनै आज्ञा आदेश प्राप्त नभए पश्चात मिति २०८१।१०।०३ गते रामचन्द्र अधिकारीले मालपोत कार्यालय लमजुङ्गको रमना बुझी गएको देखिन्छ।उक्त करार संझौता बमोजिमकोकाम गराउनको लागी भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका पूर्व मन्त्री तथा संघीय संसद प्रतिनिधी सभा सदस्य प्रतिवादी रन्जिता श्रेष्ठ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रायलका तत्कालिन मन्त्री प्रतिवादी राजकुमार गुप्ता समेतका प्रतिवादीहरुले पदको दुरुपयोग गरी मालपोत कार्यालय कास्कीमा सरुवा भई आएका प्रमुख मालपोत अधिकृत चिरञ्जिवी पौडेललाई भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट अन्य मन्त्रालय वा मातहतमा सरुवा गरी गराई प्रतिवादी रामचन्द्र अधिकारीलाई मालपोत कार्यालय कास्की मै सरुवा थमौतीको लागि आवश्यक सहजीकरण गर्न गराउन रु.५३,००,०००।–(अक्षरेपी त्रिपन्न लाख) र सोही समयमा भूमि समस्या समाधान आयोग कास्कीको अध्यक्ष पदमा नियुक्ति गर्ने निर्णय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट हुन लागेको अवस्था रहेकोले घर जग्गा व्यवसायी तथा सुकुम्वासी भनी चिनाउने प्रतिवादी सुजन कुमार तामाङ समेतले अन्य प्रतिवादीहरु याम कुमारी गुरुङ, तुल्सीराम बुढा मगर र खम वहादुर पुन सँगको मिलेमतोमा उक्त अध्यक्ष पदमा आफू अनुकुलको व्यक्ति प्रतिवादी खम वहादुर पुनलाई नियुक्तसमेतको लागि सहजिकरण गर्न गराउन रु.२५,००,०००।–(अक्षरेपी पच्चीस लाख) समेत गरी जम्मा रु.७८,००,०००।–(अक्षेरपी अठहत्तर लाख) बराबरको घुस रिसवत यि प्रतिवादीहरुवाट प्रतिवादी मध्येका राजकुमार गुप्तासमेतलाई दिएको तथ्य मिसील संलग्न उजुरी निवेदन तथा निवेदनसाथ पेश गरेको घुस रिसवत सँग सम्वन्धित श्रव्य/दृश्य सहितको पेन ड्राइभ, उजुरीसाथ प्राप्त घुस रिसवतसँग सम्वन्धित श्रष्य/दृश्य रेकर्डहरु, नोटहरुको फोटो, नोटको नम्वरहरुको फोटो, नगद राखेको झोलाहरुको फोटो, नगद गणना गर्दै गरेको फोटो, मिसिल संलग्न श्रव्य/दृश्य रेकर्डहरू, प्रतिवादीहरुले गरेको श्रव्य/दृश्यको स्क्रिप्ट राईटिङ सनाखत कागज, प्रतिवादीहरु राजकुमार गुप्ता, रन्जिता श्रेष्ठ, **रामचन्द्र अधिकारी**, सुजन कुमार तामाङ, याम कुमारी गुरुङ, **तुल्सीराम बुढा मगर**समेतले प्रयोग गर्ने मोबाइल नम्वरहरूको Call Details Report (CDR), SMS & User Details, Tower Location सहितको विवरण, CDR/Location को Link Chart, प्रतिवादीहरू राजकुमार गुप्तासमेतको मोबाइल परीक्षण प्रतिवेदन, डिजिटल फरेन्सिक युनिटको श्रव्य/दृश्य छेडखानी सम्वन्धी परिक्षण प्रतिवेदन, नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, डिजिटल फरेन्सिक ल्याबको स्वर (Voice Spectrum Analysis-VSA) परीक्षण प्रतिवेदन, प्रतिवादीहरूको पोलिग्राफ परीक्षण प्रतिवेदन समेतवाट स्थापित भई रहेको अवस्था देखिदा देखिदै प्रतिवादी तुल्सीराम बुढा समेतसँग मिलेमतो गरि आफ्नो सरुवा थमौतीको लागी जग्गा दलाल यि प्रतिवादी यि प्रतिवादी तुल्सीराम बुढा समेतबाट घुस रकम लगानी गर्न लगाई तत्कालिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राज कुमार गुप्ता र पूर्व भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रन्जिता श्रेष्ठलाई घुस रकम उलपब्ध गराउने यि प्रतिवादी रामचन्द्र अधिकारीलाई मिशिल संलग्न तत्काल प्राप्त प्रमाण समेतका आधारमा विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा विगो र हुन सक्ने सजायको तुलनामा अत्यन्त न्युन रु.५०००००।-का धरौटी वा जमानत माग गरि भएको आदेश वेरितको देखिंदा बदर भागी छ ।<br>• प्रतिवादी रामचन्द्र अधिकारीले मालपोत कार्यालय, कास्की, पोखराका तत्कालीन प्रमुख मालपोत अधिकृत पदमा कार्यरत रहेको देखिदा उक्त करार सम्झौता बमोजिमको नक्सा नं.२५, २६ र २८ जग्गा दर्ता तथा नामसारी गर्ने गराउने कार्यमा सार्थक सम्वन्ध रहेको अधिकार प्राप्त सार्वजनिक अधिकारी रहेको तथ्य मालपोत ऐन, २०३४ मा रहेको व्यवस्था समेतवाट पुष्टी भएको देखिन्छ। प्रतिवादी रामचन्द्र अधिकारीले उक्त दर्ता तथा नामसारी गर्ने भनिएको जग्गालाई दर्ता प्रयोजनको लागी प्रतिवादीहरु सुजन कुमार तामाङ, याम कुमारी गुरुङ र तुल्सीराम बुढा मगरसमेतको मिलेमतो तथा योजनामा बदनियतपुर्ण तरिकाले जग्गाको स्वामित्व कायम हुने ब्यक्ति स्व. दुर्गादिवी शाहको हकवालाको नाममा ल्याई सो जग्गा मध्ये ४० प्रतिशत जग्गा करार संझौता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आउने एकमुष्ठ जग्गाको ४० प्रतिशत आफूसमेतले लाभ प्राप्त गर्न गराउन करार (सम्झौता) गरी गराई सोही सम्झौता वमोजिमको कार्य मालपोत कार्यालय कास्की तत्कालिन प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारीवाट गरे गराई रहेको अवस्थामा कार्य सम्पन्न हुनु भन्दा अघि नै निज प्रतिवादी रामचन्द्र अधिकारीको सरुवा भएको हुँदा करार (सम्झौता) कार्यावन्यन गर्न गराउन निज प्रतिवादी रामचन्द्र अधिकारीको सरुवा भएपश्चात असम्भव जस्तो भएपश्चात निज प्रतिवादीहरु सुजन कुमार तामाङ, याम कुमारी गुरुङ, तुल्सीराम बुढा मगर र रामचन्द्र अधिकारीसमेतले उक्त सरुवा स्थगन/थमौती गर्न गराउन उच्च अदालत पाटनमा उत्प्रेषण समेतको रिट निवेदन दर्ता गरेको देखिएकोमा अदालतवाट आफू अनुकुलको अन्तरिम आदेशसमेतको कुनै आज्ञा आदेश प्राप्त नभएपश्चात भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका पूर्व मन्त्री तथा संघीय संसद प्रतिनीधीसभा सदस्य रन्जिता श्रेष्ठ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका मन्त्री राजकुमार गुप्तासमेतका राष्ट्रसेवकवाट पदको दुरुपयोग गरी गराई निज प्रतिवादीहरुले निज चिरञ्जिवी पौडेललाई भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट अन्य मन्त्रालय वा मातहतमा सरुवा गरी गराई प्रतिवादी रामचन्द्र अधिकारीलाई मालपोत कार्यालय कास्कीमा सरुवा थमौतीको लागि आवश्यक सहजिकरण गर्न गराउन रु.५३,००,०००।–(अक्षरेपी त्रिपन्न लाख) बराबरको घुस रिसवत रकम लेनदेनमा संलग्न रही घुस रिसवत लिए लिन लगाउने कार्यमा मुख्य भई राष्ट्रसेवक प्रतिवादी रामचन्द्र अधिकारीले कार्य गरी गराई अन्य राष्ट्रसेवक तत्कालीन समयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका मन्त्री प्रतिवादी राजकुमार गुप्ता र भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको पूर्व मन्त्री तथा संघीय संसद, प्रतिनिधी सभा (हाल विघटित) सदस्यको हैसियतले प्रतिवादी रन्जिता श्रेष्ठ बीच आपसी सल्लाह एवं रिसवत लेनदेनका विषय तय गरी राष्ट्रसेवक बाहेकका अन्य व्यक्ति प्रतिवादीहरु सुजन कुमार तामाङ, याम कुमारी गुरुङ र तुल्सीराम बुढा मगरसमेतको मिलेमतो तथा योजनामा उल्लिखित विवादित जग्गा व्यक्ति विशेष एवं सरकारी वा सार्वजनिक कायम हुन सक्ने स्थितिको जान्दा जान्दै घुस रिसवत | | अनुसार निज प्रतिवादी तुल्सीराम बुढामगर समेतको नाममा ल्याई आफूसमेतले लाभ प्राप्त गर्न गराउन उदेश्यले प्रक्रिया अगाडी बढाई रहेको अवस्थामा सो कार्य सम्पन्न हुनु भन्दा अघि नै निज प्रतिवादी रामचन्द्र अधिकारीको सरुवा भएको हुँदा करार (सम्झौता) कार्यावन्यन गर्न गराउन निज प्रतिवादी रामचन्द्र अधिकारीको सरुवा भएपश्चात असम्भव जस्तो भए पश्चात निज प्रतिवादीहरु सुजन कुमार तामाङ, याम कुमारी गुरुङ, तुल्सीराम बुढा मगर र रामचन्द्र अधिकारीसमेतले उक्त सरुवा स्थगन/थमौती गर्न गराउन उच्च अदालत पाटनमा उत्प्रेषणसमेतको रिट निवेदन दर्ता गरेको देखिएको, अदालतवाट आफू अनुकुलको अन्तरिम आदेशसमेतको कुनै आज्ञा आदेश प्राप्त नभएपश्चात भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका पूर्व मन्त्री तथा संघीय संसद प्रतिनीधीसभा सदस्य रन्जिता श्रेष्ठ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका मन्त्री राजकुमार गुप्ता समेतवाट मालपोत कार्यालय कास्कीको प्रमुख मालपोत अधिकृतको पदमा सरुवा भई आएका चिरञ्जिवी पौडेललाई भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट अन्य मन्त्रालय वा मातहतमा सरुवा गरी गराई निज प्रतिवादी रामचन्द्र अधिकारीलाई नै मालपोत कार्यालय कास्कीमा सरुवा थमौतीको लागि आवश्यक सहजिकरण गर्न गराउन रु.५३,००,०००।–(अक्षरेपी त्रिपन्न लाख) बराबरको घुस रिसवत रकम लेनदेनमा संलग्न रही घुस रिसवत लिए लिन लगाउने कार्यमा मुख्य भई कार्य गरी गराई घुस रिसवत दिई उल्लिखित विवादित जग्गा दर्ता तथा नामसारी गर्ने गराउने कार्यमा संलग्न रहेको तथ्य मिशिल संलग्न प्रमाणहरुको मालाकार कडीवाट पुष्टी हुन आएकोले निज प्रतिवादी रामचन्द्र अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.५३,००,०००।– (अक्षरेपी त्रिपन्न लाख) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत जफत हुन समेतको मागदावी लिई आरोप पत्र दायर गरिएको र निज प्रतिवादी मिशिल संलग्न Documentory Evidence वाट तत्काल प्राप्त प्रमाणको आधारमा कसूरदार देखिदा देखिदै उक्त सर्वोत्तम प्रमाणलाई नजरअन्दाज गरि आत्मगत विश्लेषणको आधारमा तजविजी रुपमा रु.५,०००००।—धरौटी माग गरि भएको विशेष अदालतको आदेश वेरितको देखिंदा बदर भागी छ ।<br>• जिल्ला रोल्पा स्थायी ठेगाना भई जिल्ला दाङ्ग घोराही बसोबास गर्ने यि प्रतिवादी तुल्सीराम बुढा मगर जग्गाको कारोवार (जग्गा प्लटिङ्ग), कन्सट्रक्सन र निर्माण सामाग्री ढुवानी समेतको काम गर्ने व्यक्ति रहेको तथ्य निजको वयान समेतवाट खुल्न आएको देखिन्छ।प्रतिवादी तुल्सीराम बुढा मगरले अधिकारप्राप्त अधिकारी समक्ष बयान गर्दा **स.ज.नं. २५ मा** प्रतिवादी मध्येको "सुजन कुमार तामाङसँग १ बर्ष पहिलेबाट नै भेट भएको, अदालतको फैसला देखाएर उहाँले यो भन्दा अरु के भनुं? के देखाउ? हजुरहरुलाई भनी भनेका थिए" भन्ने समेत बेहोरा खुलाएको र सोही क्रममा ततिम्बा बयान गर्दा **स.ज.नं.९ मा** "सम्मानित अदालतबाट भएको फैसला कार्यान्वयन गर्नका लागि सुरज शाह ठकुरीले सुजन कुमार तामाङलाई सम्पूर्ण जिम्मा दिएको हुँदा उक्त जग्गाको सम्बन्धमा करारनामा गर्ने समय पश्चात निजसँग नियमित कुराकानी भएको हो । याम कुमारी गुरुङ सुजन कुमार तामाङको नजिकको मान्छे हुन" भन्ने समेत बेहोरा खुलाएको देखिदा उक्त कारोवारमा संलग्न अन्य प्रतिवादीहरुसँग निजको नियमित सम्पर्क भई सो बमोजिमको लाभ प्राप्त गर्न जग्गाको करार संझौता समेत गरि रकम समेत लगानी गरेको तथ्य स्थापित भएको देखिन्छ। उक्त विवादित जग्गा दर्ताको लागी मालपोत कार्यालय कास्कीमा निवेदन दिने निज सुरज शाह ठकुरीले बयान गर्दा **स.ज.नं. २० मा** प्रतिवादी तुल्सीराम बुढा मगरसँग प्रतिवादी सुजन कुमार तामाङले नै भेट गराएको हो भन्ने समेत बेहोरा खुलाएको देखिन्छ भने त्यसैगरी गितादेवी शाहले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानको **स.ज.नं. २०** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लिई दिई दिलाई दुषित तवरले हक सिर्जना गर्ने गराउन **यी प्रतिवादी रामचन्द्र अधिकारीले** आफूलाई र अन्य प्रतिवादीहरु समेतलाई रिसवत दिई दिन लगाई राष्ट्रसेवक बाहेकका अन्य व्यक्ति प्रतिवादीहरु सुजन कुमार तामाङ, याम कुमारी गुरुङ, तुल्सीराम बुढा मगर र खम बहादुर पुनलाई मोलाहिजा गरी अन्य व्यक्ति एवं नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह र सार्वजनिक नागरिकहरुलाई अनिष्ट गर्न उल्लिखित रकम घुस रिसवत आफू र अन्य प्रतिवादीहरुका निमित्त समेत घुस रिसवत रकम लेनदेनमा संलग्न रही घुस रिसवत लिए लिन लगाउने कार्यमा मुख्य भई राष्ट्रसेवक प्रतिवादी **रामचन्द्र अधिकारीले** कार्य गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टी भएको हुँदा निज प्रतिवादी रामचन्द्र अधिकारीलाई बिगो रु.५३,००,०००।– (अक्षरेपी त्रिपन्न लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत जफत हुन मागदावी लिइ बिशेष अदालतमा आरोपपत्र दायर गरिएको अवस्था छ।<br>**थुनछेक आदेश**<br>• थुनछेक आदेश तर्फ विचार गर्दा प्रतिबादी तुल्सीराम बुढा मगरबाट रू ५,००,०००।—(पाँच लाख) र रामचन्द्र अधिकारीबाट रू ५,००,०००।—(पाँच लाख) नगद धरौटी वा सो बराबरको बैंक जमानत दिए लिई निज प्रतिबादीहरूलाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने र धरौटी रकम र बैंक जमानत नदिए बिशेष अदालत नियमावली, २०८० को नियम ३० को उपनियम (२) बमोजिम थुनुवा पूर्जि दिई थुनामा राख्न सम्बन्धित कारागारमा पठाईदिनु भन्ने समेत व्यहोराको आदेश भएको अवस्था देखिन्छ । | | **मा** "याम कुमारी गुरुङ र तुल्सीराम बुढा मगरलाई सुजन कुमार तामाङले भेट गराएका हुन" भन्ने बेहोरा खुलाएको देखिएवाट कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १६ बाटुलेचौर (दिप विर्ता) स्थित रहेको जग्गा सम्बन्धमा अदालतको फैसला बमोजिम दुर्गादिवी शाहको नाममा कायम हुने गरी ठहर भएको नक्सा नं. २५, २६ र २८ का जग्गाहरू हकवालाको नाममा दर्ता नामसारी गर्ने गराउने कार्य प्रतिवादी सुजन कुमार तामाङले अन्य प्रतिवादीहरु याम कुमारी गुरुङ र तुल्सीराम बुढा मगरसमेत सँगको मिलोमतो योजनामा सम्पूर्ण जिम्मेवारी लिएको तथ्य माथि विवेचित प्रतिवादीहरुको बयान समेतका आधार प्रमाणहरुवाट पुष्टि भएको देखिन्छ । यसरी प्रतिवादी सुजन कुमार तामाङले राष्ट्रसेवक समेतका अन्य प्रतिवादीहरुसँगको मिलेमतो तथा योजनामा बदनियत राखि दुर्गादिवी शाहको नाममा कायम हुने गरी अदालतवाट ठहर भएको नक्सा नं. २५, २६ र २८ का जग्गाहरू हकवालाहरूसँग फैसला बमोजिम जग्गाको सम्पूर्ण कामको जिम्मा लिई लिन लगाई प्रतिवादीहरु याम कुमारी गुरुङ र तुल्सीराम बुढा मगर (दोश्रो पक्ष) र दुगदिवी शाहको हकवालाहरु सुरज शाह ठकुरी, सुनिल शाह ठकुरी, गिता देवी शाह (प्रथम पक्ष) बीच करारनामा कागज गरे गराएको देखिन्छ । उक्त करारनामा कागजको बेहोरा हेर्दा फैसला वमोजिम दुगदिवी शाहको हकवालाहरु (प्रथम पक्ष) को नाममा जग्गा दा.खा. तथा नामसारी गर्न लाग्ने सम्पुर्ण खर्च सेवा शुल्क लगायतमा लाग्ने खर्च दोश्रो पक्ष (प्रतिवादीहरु याम कुमारी गुरुङ र तुल्सीराम बुढा मगर) ले व्यहोर्ने र यसरी खर्च गरे वापत दर्ता भई आएको एकमुष्ठ क्षेत्रफल जग्गाबाट **६० प्रतिशत प्रथम पक्षले, २० प्रतिशत प्रतिवादी याम कुमारी गुरुङ** र **२० प्रतिशत प्रतिवादी तुल्सीराम बुढा मगरको** संयुक्त नाममा प्राप्त गर्ने शर्त उल्लेख गरी मुख्य भूमिका र जिम्मेवारी लिई काम गर्ने भनिएका **प्रतिवादी सुजन कुमार तामाङ समेत** साक्षी बसेको करारनामाको कागजबाट देखिन्छ। निज गितादेवी शाहले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानको **स.ज.नं.१९** मा "सुजन कुमार तामाङलाई हामीले प्राप्त गर्ने जग्गा हाम्रो नाममा ल्याउँदासम्म लाग्ने खर्च निज सुजन तामाङ समेतले बेहोरी प्राप्त जग्गा मध्येको ४० प्रतिशत जग्गा निज समेतलाई दिने शर्त थियो । सो जग्गा हाम्रो नाममा दा.खा. तथा नामसारी भइसकेपछि मात्र ४० प्रतिशत जग्गा दिने सो वापत सुजन कुमार तामाङ समेतले उक्त जग्गा हाम्रो नाममा ल्याउँदा लागेको खर्च बेहोर्ने" र **स.ज.नं. २५** मा **"हामी मालपोत, नापी धाउँदा धाउँदा केही गर्न नसकेपछि** सुजन कुमार तामाङलाई जिम्मा दिएको हो" भनी वयान बेहोरा खुलाएको देखिँदा दुगदिवी शाहको हकवालाको नाममा फैसलाबमोजिमका नक्सा नं. २५, २६ र २८ का जग्गाहरू दर्ता नामसारी गरी ४० प्रतिशत जग्गा लिने खाने बदनियतले काम गरे गराएको तथ्य पुष्टि भएको देखिन्छ । मिति २०८१।०२।२० गते करार (सम्झौता) भएपश्चात प्रतिवादी तुल्सीराम बुढा मगरको नाममा रहेको गरिमा विकास बैङ्क लिमिटेड, शाखा कार्यालय, घोराहीमा रहेको खाता नं. ०६५१०९०११४४३९६०००००१ बाट प्रतिवादी सुजन कुमार तामाङले चलाउने गरेको प्रतिवादी याम कुमारी गुरुङको नाममा खोलिएको गरिमा बिकास बैङ्क लिमिटेड, शाखा कार्यालय, सभागृहचोक, पोखरामा रहेको खाता नं. ००४११८०१२३८४५६०००००१ मा **मिति २०८१।०२।२९ गते** (११ जुन, २०२५) मा रु.१,००,००,०००।— (अक्षेरुपी एक करोड) र **मिति २०८१।०२।३२** गते (१४ जुन, २०२५) रु. ७५,००,०००।— (अक्षेरुपी पचहत्तर लाख) तुल्सीराम बुढा मगरले जम्मा गरेको मिसिल संलग्न गरिमा बिकास बैंकबाट प्राप्त हुन आएको स्टेटमेन्ट सहितको विवरणबाट देखिन्छ । प्रतिवादी तुल्सीराम बुढा मगरको नाममा रहेको गरिमा बिकास बैङ्क लिमिटेडको खाता नं. ०६५१०९०११४४३९६०००००१ बाट मिति २०८१।०२।२९ गते रु.१,००,००,०००।— (अक्षेरुपी एक करोड) प्रतिवादी सुजन कुमार तामाङले चलाउन गरेको प्रतिवादी याम कुमारी गुरुङको गरिमा बिकास बैङ्कमा रहेको खाता नं. ००४११८०१२३८४५६०००००१ मा जम्मा गरे गराएको देखिन्छ। त्यसैगरी प्रतिवादी तुल्सीराम बुढा मगरको खाताबाट **मिति २०८१।०२।३२** गते रु.७५,००,०००।— (अक्षेरुपी पचहत्तर लाख) प्रतिवादी याम कुमारी गुरुङको खातामा जम्मा भएको बैंक स्टेटमेन्टसमेतबाट देखिन्छ। प्रतिवादी तुल्सीराम बुढा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | मगरले मिति २०८१।०२।२९ गते रु.१,००,००,०००।— (अक्षेरुपी एक करोड) र मिति २०८१।०२।३२ गते रु.७५,००,०००।— (अक्षेरुपी पचहत्तर लाख) समेत गरी जम्मा रु.१,७५,००,०००।— (अक्षेरुपी एक करोड पचहत्तर लाख) प्रतिवादी याम कुमारी गुरुङको खातामा रकम जम्मा गर्नुको कारण र प्रयोजनका सम्बन्धमा निज प्रतिवादीहरुले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयानमा उक्त रकम ऋण/सापटी लिनु दिनु गरेको भन्ने खुलाएको देखिएतापनि उक्त रकम लेनदेन सम्बन्धी कुनै कागज नगरी एकअर्का बीच चिनजान समेत नभएको अपरिचित व्यक्तिहरूले ऋण/सापटी लिनु दिनुपर्ने अवस्था/प्रयोजन, ऋण/सापटीलाई पुष्ट्याई गर्ने वस्तुनिष्ठ प्रमाण समेत नदेखिएको, प्रतिवादीहरुले दुर्गादेवी शाहको हकवालाहरूसँग नक्सा नं. २५, २६ र २८ का जग्गाहरू नामसारी दा.खा गर्ने समेत बेहोराको करार (सम्झौता) गरेपश्चात रकम लेनदेन भएकोसमेत देखिएवाट उक्त रकम करार (सम्झौता) वमोजिम जग्गाको काम गर्न गराउनका लागि प्रतिवादी तुल्सीराम बुढा मगरले प्रतिवादी सुजन कुमार तामाङले प्रयोग गर्ने प्रतिवादी याम कुमारी गुरुङको नाममा खोलिएको गरिमा विकास बैंकको खातामा उक्त रु.१७५,००,०००।—(अक्षरेपी एक करोड पचहत्तर लाख) रकम जम्मा गरे गराएको तथ्य प्रष्ट देखिन्छ। **प्रतिवादी याम कुमारी गुरुङको नाममा गरिमा विकास वैंकमा मिति २०८१।०२।२८ गते खाता खोलिएको देखिन्छ । मिति २०८१।०२।२९ गते रु.१,००,००,०००।— (अक्षरेपी एक करोड) र ऐ. ३२ गते रु.७५,००,०००।— (अक्षरेपी पचहत्तर लाख)** प्रतिवादी तुल्सीराम बुढा मगरले रकम जम्मा गरिदिएको देखिएकोवाट गरिमा विकास बैकमा खाता खोल्ने प्रयोजन उक्त नक्सा नं.२५, २६ र २८ जग्गाको सम्वन्धमा आवश्यक कार्य गर्ने गराउने प्रयोजनका लागि मात्र खोलिएको तथ्य पुष्टी भएको देखिन्छ।प्रतिवादी सुजन कुमार तामाङले चलाउने गरेको गरिमा विकाश बैंकमा प्रतिवादी याम कुमारी गुरुङको नाममा खोलिएको बैक खातामा रु.५,००,०००।—(अक्षरेपी पाँच लाख) वा सो भन्दा बढी कारोवार भए गरेको विवरण गरिमा विकाश बैकवाट पत्र सहित प्राप्त विवरण हेर्दा करार सम्झौता भएको मिति २०८१।०२।२० गते देखि मिति २०८१।०९।२८ र ऐ. २९ गतेसम्मको अवधिमा अस्वभाविक रकम जम्मा भएको र झिकेको मिसिल संलग्न बैंक स्टेटमेन्टबाट देखिन्छ। त्यसैगरी प्रतिवादी याम कुमारी गुरुङको नाममा मुक्तिनाथ बिकास बैंकमा खोलिएको खातामा समेत सो अवधिमा अस्वभाविक रकम जम्मा भएको र झिकेको देखिन्छ।यसरी मिति २०८१।०९।२८ गते र सो भन्दा केही दिन अघिको समयावधिमा घुस रिसवत दिनका लागि पर्याप्त हुने रकम प्रतिवादीहरु बीच कारोवार भए गरेको मिसिल संलग्न सम्बन्धित बैंकहरुबाट प्राप्त हुन आएको बैक स्टेटमेन्ट समेतको विवरणबाट देखिदा देखिदै घुस रिसवत रकम लगानी गर्ने दिने दिलाउने र सो वापत विवादित जग्गा मध्ये ४०% जग्गा प्राप्त गर्ने कार्यमा प्रत्यक्ष संलग्न भएका यि प्रतिवादी तुल्सीराम बुढा मगरलाई विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम तत्काल प्राप्त प्रमाणको आधारमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा अत्यन्त न्युन रु. ५०००००।- धरौटी माग गरी भएको विशेष अदालतको थुनछेक आदेश प्रमाण मूल्यांकनको रोहमा त्रुटीपूर्ण देखिंदा बदर भागी छ।<br>• यि प्रतिवादीहरू रामचन्द्र अधिकारी, राज कुमार गुप्ता र रन्जिता श्रेष्ठ समेतको मोवाइलहरु डिजिटल फरेन्सिक युनिटवाट परीक्षण भई प्रतिवेदन साथ प्राप्त हुन आएको WhatsApp विवरणमा आदान प्रदान भएको call, message सहितको विवरण, प्रतिवादीहरूले प्रयोग गर्ने मोवाइल नम्वरहरुको CDR र SMS को विवरण र मिसिल संलग्न श्रब्य/दृश्य रेकर्डहरू समेतवाट देखिन्छ । उक्त तथ्यका सम्वन्धमा डिजिटल फरेन्सिक युनिटवाट प्राप्त परिक्षण प्रतिवेदन बमोजिम चिरञ्जिवी पौडेल (कर्मचारी संकेत नं.१५९९३७) लाई मालपोत कार्यालय, कास्कीको प्रमुख मालपोत अधिकृतको रुपमा मिति २०८१।०९।१८ गतेको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको सचिवस्तरीय निर्णयानुसार पदस्थापन गरेको पत्र प्रतिवादी सुजन कुमार तामाङले सामाजिक संजाल Whatsapp मार्फत प्रतिवादी रामचन्द्र अधिकारीलाई पठाएको देखिन्छ । त्यसैगरी डिजिटल फरेन्सिक युनिटवाट मोवाइल परीक्षण भई प्रतिवेदन साथ प्राप्त विवरण बमोजिम प्रतिवादी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रामचन्द्र अधिकारीलाई मालपोत कार्यालय, कास्कीबाट मालपोत कार्यालय, लमजुङ्गमा मिति २०८१।०९।१८ गतेको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको सचिव स्तरीय निर्णयानुसार कामकाज गर्न खटाइएको पत्र प्रतिवादी रामचन्द्र अधिकारीले प्रतिवादी सुजन कुमार तामाङलाई Whatsapp मार्फत पठाएको देखिन्छ । अनुसन्धानको क्रममा प्रतिवादीहरू राज कुमार गुप्ता, रन्जिता श्रेष्ठ र रामचन्द्र अधिकारीसमेतको मोवाइलहरू परीक्षण गर्दा Extraction File data integrity-intact भन्ने मिसिल संलग्न यस आयोगको डिजिटल फरेन्सिक युनिटको प्रतिवेदनबाट देखिन्छ । प्रतिवादी रामचन्द्र अधिकारीले अन्य प्रतिवादीहरुसँगको मिलेमतो तथा योजनामा अदालतको फैसला बमोजिम नक्सा नं. २५, २६ र २८ का जग्गाहरू दुर्गादिवी शाहको हकवालाहरूको नाममा ल्याउने काम अघि बढाउने कार्य गरे गराई रहेको अवस्थामा कार्य सम्पन्न हुनु पूर्व नै प्रतिवादी रामचन्द्र अधिकारीको मालपोत कार्यालय, कास्कीबाट मालपोत कार्यालय, लमजुङ्गमा सरुवा भएपश्चात निज प्रतिवादी रामचन्द्र अधिकारीले भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले **मिति २०८१/०९/१८** गते गरेको सचिव स्तरीय निर्णय स्वेच्छाचारी एवं संविधान, कानून एवं न्यायको मान्य सिद्धान्तको बर्खिलाप समेत रहेकोले पदस्थापनको सम्पूर्ण गैह्र कानूनी कामहरु उत्प्रेषणको आदेशले बदर गरी **आफुलाई मालपोत कार्यालय, कास्कीमा कार्य गर्ने व्यवस्था हुन तथा तत्कालको लागि अन्तरिम आदेश जारी गरी पाउन भन्नेसमेत दावी लिई उत्प्रेषण, परमादेशको रिट उच्च अदालत, पाटन, ललितपुरमा मिति २०८१।०९।२२ गते दर्ता गरेको देखिएकोमा उक्त रिट उपर सुनुवाई भई** अन्तरिम आदेश जारी नभएको र मिति २०८१।११।११ गते तामेलीमा राख्ने आदेश भएको उच्च अदालतको पत्र सहित प्राप्त हुन आएको रिट निवेदन र सो निवेदन उपर भएका आदेशहरुसमेतका कागजातबाट देखिन्छ । यसरी प्रतिवादी रामचन्द्र अधिकारीले बदनियत राखी मालपोत कार्यालय कास्कीमा नै सरुवा थमौती गरी अन्य प्रतिवादीहरुसँगको मिलेमतोमा करार सम्झौता बमोजिमको नक्सा नं. २५, २६ र २८ को जग्गा सम्वन्धी निर्णयसमेतका कार्य गर्न गराउन उच्च अदालत पाटनमा रिट दर्ता गरेकोमा आफू अनुकुलको आदेश नआए पश्चात उक्त अदालतको मिति २०८१।०९।२६ गते भएको आदेश प्रतिवादी रामचन्द्र अधिकारीले प्रतिवादीहरु रन्जिता श्रेष्ठलाई र राज कुमार गुप्तालाई पठाएको डिजिटल फरेन्सिक युनिटको मोवाइल परिक्षण प्रतिवेदन साथ प्राप्त भएको Whatsapp विवरणबाट देखिन्छ। **उच्च अदालत, पाटनबाट मिति २०८१।०९।२६ गते आफ्नो अनुकुलको सरुवा थमौतिको अन्तरिम आदेश प्राप्त नभए पश्चात निज** प्रतिवादी रामचन्द्र अधिकारीले उक्त आदेश प्रतिवादीहरु रन्जिता श्रेष्ठलाई र राज कुमार गुप्तालाई पठाएको डिजिटल फरेन्सिक यूनिटको मोवाइल परिक्षण प्रतिवेदन साथ प्राप्त भएको मिसिल संलग्न Whatsapp विवरणबाट देखिन्छ । साथै निज प्रतिवादी रामचन्द्र अधिकारी मन्त्रालयमा आई मालपोत कार्यालय, कास्कीमा सरुवा हुने वातावरण मिलाईदिन अनुरोध गर्नु भएको र मन्त्री राज कुमार गुप्ताको समेत निर्देशन थियो भन्ने समेत बेहोराको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका **सचिव रविलाल पन्थ**ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको सोधपुछ कागजवाट देखिन्छ । यसरी प्रतिवादी रामचन्द्र अधिकारीको मालपोत कार्यालय, कास्कीमा रही उक्त नक्सा नं. २५, २६ र २८ को जग्गाको काम गर्ने गराउने बदनियत रहेको कुरा उक्त जग्गामा प्रत्यक्ष जोडिई बदनियत राखि कार्य गरे गराई रहेका प्रतिवादीहरु सुजन कुमार तामाङ, रन्जिता श्रेष्ठ र राज कुमार गुप्ता समेतको साथ लिई मालपोत कार्यालय, कास्कीमा सरुवा थमौतीको लागि निज प्रतिवादी रामचन्द्र अधिकारीसमेतले गरे गराएको कार्यहरुवाट समेत स्पष्ट हुन आउँछ । प्रतिवादी रामचन्द्र अधिकारीको मालपोत कार्यालय, कास्कीबाट मालपोत कार्यालय, लमजुङ्ग सरुवाको निर्णय भएपश्चात मिति २०८१।०९।२३ गते देखि २५ गतेसम्म प्रतिवादीहरु राज कुमार गुप्ता र रन्जिता श्रेष्ठ पोखरा स्थित बर पिपल रिसोर्टमा बसेको, प्रतिवादी रन्जिता श्रेष्ठको लागि निज प्रतिवादी रामचन्द्र अधिकारीले कोठा बुक (Booked) गरेको र प्रतिवादी राज कुमार गुप्ताको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कोठा बुक (Booked) गरे गराएको, बर पिपल रिसोर्टका कर्मचारीले प्रतिवादी सुजन कुमार तामाङलाई निजले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रयोग गर्ने मोवाइल नम्वर ९८५६०७४२१२ को WhatsApp (ह्वाट्सएप) मा पटक पटक मेसेज गरेको मिसिल संलग्न वर पिपल रिसोर्ट प्रा.लि समेतको पत्र सहितको विवरण र वर पिपल रिसोर्ट प्रा.लि. का मेनेजर पदम न्यौपानेले गरेको सोधपुछ कागज समेतवाट तथ्य पुष्टी हुन आएको देखिन्छ । अदालतको फैसला वमोजिमको नक्सा नं. २५, २६ र २८ जग्गाहरु दुर्गादेवी शाहको हकवालाको नाममा ल्याउने कार्यमा अन्य प्रतिवादीहरु सँगको मिलेमतोमा सम्पूर्ण जिम्मा लिएका प्रतिवादी सुजन कुमार तामाङले राष्ट्रसेवक प्रतिवादीहरू रन्जिता श्रेष्ठ र राज कुमार गुप्तालाई समेत संलग्न गरी गराई उक्त बदनियतपूर्ण कार्यमा पहिले देखि नै संलग्न रहे भएका तत्कालीन मालपोत कार्यालय, कास्कीका प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारीलाई उक्त जग्गा सम्वन्धी निर्णयसमेत गर्न गराउन मालपोत कार्यालय, कास्कीमा नै सरुवा थमौती गर्न गराउनका लागि माथि विवेचित कार्य गरे गराएको देखिन्छ । नक्सा नं.२५, २६ र २८ को जग्गा नामसारी तथा दा.खा को कार्य सँग सँगै सोही समयमा भूमि समस्या समाधान आयोग कास्कीको पदाधिकारी नियुक्ती गर्ने समेतको निर्णय गरिन लागेको अवस्था रहे भएको हुँदा घर जग्गा व्यवसायी तथा आफूलाई सुकुम्वासी भनी चिनाउने प्रतिवादी सुजन कुमार तामाङले आफू अनुकुलको व्यक्ति खम बहादुर पुनलाई नियुक्ती गरी गराई आफूसमेतलाई लाभ लिने बदनियतले निजले सम्वन्धित भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका पूर्व मन्त्री रन्जिता श्रेष्ठ मार्फत उक्त नियुक्तीको लागी आवश्यक कार्य गरे गराएको तथ्यसमेत देखिन्छ ।सोही क्रममा मालपोत कार्यालय, कास्कीका तत्कालिन प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारीको सरुवा थमौती, भूमि समस्या समाधान आयोग, कास्की जिल्ला समितिको अध्यक्ष पदमा खम बहादुर पुनलाई नियुक्ति गर्न र पोखरा महानगरपालिका वडा नं. १६ बाटुलेचौर स्थित रहेको भनिएको नक्सा नं.२५, २६ र २८ को जग्गा अदालतको फैसला वमोजिम हकवालाको नाममा दर्ता नामसारी गर्न गराउन समेतका लागि भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका पूर्व मन्त्री तथा प्रतिनिधि सभा सदस्य रन्जिता श्रेष्ठ र प्रतिवादी सुजन कुमार तामाङ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका तत्कालिन मन्त्री राज कुमार गुप्ताको ललितपुर भैसेपाटी स्थित मन्त्री निवासमा गई निज प्रतिवादी राज कुमार गुप्तालाई निवासमा भेटघाट गरी घुस रिसवतको लेनदेन सम्बन्धी कुराकानी तथा छलफल गरी गराई घुस रिसवत लेनदेन गरे गराएको तथ्य मिसिल संलग्न श्रव्य/दृश्यबाट देखिन्छ । यसरी मिसिल संलग्न संकलित प्रमाण कागजातहरुवाट यि प्रतिवादी रामचन्द्र अधिकारी उक्त घुसरिसवत लिने दिने कसूरजन्य कार्यमा संलग्न रहेको तथ्य मिशिल संलग्न श्रव्य/दृश्य सहितको पेन ड्राइभ, उजुरीसाथ प्राप्त घुस रिसवतसँग सम्वन्धित श्रष्य/दृश्य रेकर्डहरु, नोटहरुको फोटो, नोटको नम्वरहरुको फोटो, नगद राखेको झोलाहरुको फोटो, नगद गणना गर्दै गरेको फोटो, मिसिल संलग्न श्रव्य/दृश्य रेकर्डहरू, प्रतिवादीहरुले गरेको श्रव्य/दृश्यको स्क्रिप्ट राईटिङ सनाखत कागज, निज प्रतिवादी रामचन्द्र अधिकारी, सुजन कुमार तामाङ, याम कुमारी गुरुङ, तुल्सीराम बुढा मगरसमेतले प्रयोग गर्ने मोबाइल नम्वरहरूको Call Details Report (CDR), SMS & User Details, Tower Location सहितको विवरण, CDR/Location को Link Chart, प्रतिवादीहरू राजकुमार गुप्तासमेतको मोबाइल परीक्षण प्रतिवेदन, डिजिटल फरेन्सिक युनिटको श्रव्य/दृश्य छेडखानी सम्वन्धी परिक्षण प्रतिवेदन, नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, डिजिटल फरेन्सिक ल्याबको स्वर (Voice Spectrum Analysis-VSA) परीक्षण प्रतिवेदन, प्रतिवादीहरूको पोलिग्राफ परीक्षण प्रतिवेदन समेतका प्रमाणहरुवाट पुष्टि भई रहेकोले उक्त प्रमाणलाईसम्मानित सर्वोच्च अदालतवाट **श्याम अधिकारी विरुद्ध नेपाल सरकार, भ्रष्टाचार (घुस रिसवत)** मुद्दामा "विज्ञान र प्रविधिको सहायताले आफूसँग घुस रिसवत मागेको बोली बोलेको फोनवार्तालाई रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्द गरी प्रमाणको रुपमा पेश गरेकोलाई न्याय निरुपण गर्दा महत्वपूर्ण प्रमाणकै रुपमा मूल्यांकन गर्नुपर्ने । रेकर्ड गरिएको बोली प्रतिवादीकै हो भनी निश्चित भएको हुनु पर्दछ । रेकर्डलाई कुनै परिवर्तन (tempering) गरिएको हुनु हुँदैन । यस्तो रेकर्डलाई कुनै परिवर्तन गरेको शंका वा सम्भावना भएमा आवाज पुनः निश्चित गरिनु पर्दछ । कुनैपनि किसिमबाट आवाज परिवर्तन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | (tempering) भएको हुनुहुँदैन । कुनै किसिमबाट रेकर्डलाई परिवर्तन गर्ने सम्भावना भएमा वा निश्चित नभएमा वैज्ञानिक परीक्षण हुनुपर्ने" भनि प्रतिपादित सिद्धान्त, **राम बहादुर थापा विरुद्द नेपाल सरकार, घुस रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा** "सिडि लगायत विद्युतिय माध्यमवाट संकलित प्रमाणलाई मुद्दामा प्रमाणको रुपमा ग्रहन गर्न मिल्दैन भन्ने अवश्य होइन । विज्ञान र प्रविधिको क्षेत्रमा भएको अभुतपूर्व विकास र थपिएका अनेकौ नवीनतम आयामहरुलाई न्याय निरुपणका सन्दर्भमा अदालतले अनदेखा गर्न नहुने" भनि प्रतिपादित सिद्धान्त, **नेपाल सरकार विरुद्ध परिवर्तित नाम ई, जवरजस्ती करणी** मुद्दामा "भौतिक सबुद प्रमाणसँग कुनै छेडछाड (Temper) गरिएको छैन भने यसले कुनै कुरालाई प्रमाणित र खण्डन गर्न विश्वसनीय आधार दिन्छ । जुन मानव साक्षीको भन्दा बढी भरपर्दो हुन्छ। प्रस्तुत वारदातमा अनुसन्धानको क्रममा संकलन भएको भौतिक सबुद प्रमाणसँग कुनै किसिमको छेडछाड भएको मिसिल संलग्न कुनै कागज प्रमाणबाट नदेखिएको अवस्थामा त्यस्ता प्रमाणलाई नजरअन्दाज गर्न नसकिने" भनि प्रतिपादित सिद्धान्त एवं **बम बहादुर बस्नेत विरुद्ध नेपाल सरकार, कर्तव्य ज्यान मुद्दामा** "फोटो, भिडियो, अडियो, सीडी आदि डिजिटल सामग्री लिखत हुन् । यिनको प्रामाणिक मूल्यलाई अस्वीकार गर्नु न्यायसङ्गत हुँदैन । तथ्यका प्रत्येक गवाह प्रमाण हुन् । मुद्दाका कुनै पक्षबाट फोटो, भिडियो, अडियो, सीडी आदी डिजिटल प्रति प्रमाणका रूपमा प्रस्तुत हुन्छन् र अर्को पक्षबाट तिनमा इन्कारी जनाइदैन भने लिखित प्रमाणका रूपमा यी ग्राह्य हुन्छन् । यस्ता प्रमाणका विषयमा विवाद उठेमा तिनको सत्यता परीक्षणको विषय बन्दछ । अन्यथा लिखत प्रमाणका आधुनिक स्वरूपलाई सतर्कता साथ ग्रहण गर्दै जानुपर्ने" भनि प्रतिपादित सिद्धान्त समेतको आधारमा यी प्रतिवादीलाई थुनछेकको क्रममा तत्काल प्राप्त प्रमाणको आधारमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा विशेष अदालतवाट उक्त प्रमाणलाई ग्रहण नगरी प्रतिवादी रामचन्द्र अधिकारीलाई रु. ५०००००।- धरौटी माग गरी भएको आदेश वेरितको देखिदा बदर भागी छ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मालपोत कार्यालय, कास्कीका प्रमुख चिरन्जीवी पौडेललाई मालपोत वाहेक अन्यत्र कार्यालयमा सरुवा गरी प्रतिवादी रामचन्द्र अधिकारीलाई मालपोत कार्यालय, कास्कीमा लैजान बाटो खुल्ने भएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका तत्कालिन मन्त्री राज कुमार गुप्तालाई घुस रिसवत दिनको लागि निज प्रतिवादीहरु सुजन कुमार तामाङ र रामचन्द्र अधिकारीसमेतले मालपोत कार्यालय, कास्कीको प्रमुखको निवासको गेष्ट रुम (पाहुना कोठा) मा बसी रकम गणना समेत गरी रकम झोलामा हालेर गाडीमा राखेको उजुरी साथ प्राप्त नोट नम्वरहरू तथा नोटको फोटोहरु समेतका विवरण फोटोहरूबाट पुष्टी भएको देखिन्छ । उजुरीसाथ प्राप्त भएको फोटोमा रकम गनिरहेको स्थान (कोठा) को फोटो मालपोत कार्यालय, कास्कीको हुन सक्ने हुँदा मालपोत कार्यालय, कास्कीमा यस आयोगको कार्यालय पोखराबाट खटिएको टोली स्थलगत रुपमा गई फोटो देखाउँदा झ्यालको पर्दा, कोठामा बिच्छाएको गलैचा मालपोत **कार्यालय, कास्कीका साविकको प्रमुख मालपोत अधिकृतको निवासको रुपमा प्रयोग गर्ने गरेकोमा हाल पाहुना कोठाको रुपमा प्रयोग गर्दै आएको कोठा हो** र फोटोमा देखिएको टि-टेवल तत्कालीन अवस्थामा कार्यालय प्रमुखको निवास तथा हालको पाहुना कक्षमा रहेको र हाल सोही पाहुना कक्षको नजिकै रहेको तत्कालीन कार्यालय प्रमुखले भान्छा कोठाको रुपमा प्रयोग गर्ने गरेको कोठा नं. २५ मा फेला परेको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराबाट भएको **स्थलगत मुचुल्का सहितको विवरणवाट** समेत पुष्टी हुन आएको देखिएवाट उक्त रकम मालपोत कार्यालय, कास्कीमा गणना गरी झोलामा राखी तत्कालीन प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारीको सरुवा थमौतीको लागि प्रतिवादीहरु सुजन कुमार तामाङ, रन्जिता श्रेष्ठ, रामचन्द्र अधिकारी र प्रतिवादी राज कुमार गुप्ता बीच घुस रिसवत लेनदेन भएको रकम रहेको पुष्टी भएको देखिन्छ । प्रतिवादीहरू राज कुमार गुप्ता, रन्जिता श्रेष्ठ र रामचन्द्र अधिकारीसमेतको मोवाइल परीक्षण भई डिजिटल फरेन्सिक यूनिटवाट परिक्षण प्रतिवेदन साथ प्राप्त हुन आएको Whatsapp विवरण हेर्दा प्रतिवादीहरू राज कुमार गुप्ता, रन्जिता श्रेष्ठ, सुजन कुमार तामाङ र रामचन्द्र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | अधिकारी वीच पटक पटक कुराकानी भएको, प्रतिवादी रामचन्द्र अधिकारीको मालपोत कार्यालय, कास्कीवाट भएको सरुवा र सरुवा थमौतीको लागि अदालतमा दर्ता गरेको रिट सम्बन्धी मेसेज आदान प्रदान भएको देखिन्छ । प्रतिवादी रामचन्द्र अधिकारीले दर्ता गरेको रिटमा भएको आदेश र चिरन्जीबी पौडेलको पदस्थापन मालपोत कार्यालय, कास्कीमा भएको पत्र समेत प्रतिवादीहरु वीच Whatsapp मा एकापसमा आदान प्रदान भएको देखिएको देखिएवाट प्रतिवादी रामचन्द्र अधिकारीको सरुवा थमौती गर्नका लागि घुस रिसवत लेनदेन भएको भएपनि सरुवा थमौती नभएपछि श्रव्य/दृश्य रेकर्ड वाहिरिएको तथ्य देखिन्छ । उक्त श्रव्य/दृश्यमा प्रतिवादी रामचन्द्र अधिकारीको सरुवा थमौती, भूमि समस्या समाधान आयोग कास्कीको अध्यक्ष पदमा प्रतिवादी खम बहादुर पुनको नियुक्ति र अदालतको फैसला वमोजिमको जग्गा दुर्गादिवी शाहको हकवालाको नाममा दाखिल खारेज नामसारी गर्ने सम्बन्धमा कुराकानीसमेत भएको देखिन्छ। उक्त श्रव्य/दृश्यमा भएको संवाद वमोजिम उक्त नक्सा नं.२५, २६ र २८ को जग्गाको करार सम्झौता कार्यान्वयन गर्न गराउन मालपोत कार्यालय, कास्कीका प्रमुख मालपोत अधिकृत निज रामचन्द्र अधिकारीले सहजिकरण गरिरहेको अवस्थामा निज प्रतिवादी रामचन्द्र अधिकारीको **मिति २०८१/०९/१८ गतेको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय (सचिव स्तरीय) को निर्णयले** मालपोत कार्यालय, लमजुङ्ग काम काज गर्ने गरी खटाइएपछि निज प्रतिवादी सुजन कुमार तामाङ अन्य प्रतिवादीहरु याम कुमारी गुरुङ र तुल्सीराम बुढा मगरसँगको मिलोमतोमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका पूर्व मन्त्री तथा संघीय संसद प्रतिनिधी सभा सदस्य रन्जिता श्रेष्ठ समेत साथमा लिई बदनियत राखि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका तत्कालिन मन्त्री राज कुमार गुप्तालाई भेटी निज प्रतिवादी रामचन्द्र अधिकारीको मालपोत कार्यालय कास्कीमा नै सरुवा थमौती गर्न र भूमि समस्या समाधान आयोग कास्कीको अध्यक्ष पदमा खम बहादुर पुनलाई नियुक्ति गर्न गराउनका लागि घुस रिसवत लेनदेन गरे गराएको तथ्य मिसिल संलग्न श्रव्य/दृश्य र प्रमाण कागजातहरूवाट पुष्टी भएको देखिदा देखिँदै विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) अनुसार थुनामा राखि मुद्दाको पुर्पक्ष गर्नु पर्ने प्रतिवादीलाई न्युन धरौटी जनही रु. ५०००००।— माग गरि भएको आदेश त्रुटीपुर्ण देखिदा बदरभागी छ।<br>• **प्रतिवादी तुल्सीराम बुढा मगरले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा** म र दुर्गा देवी शाहका हकवालाहरु सुरज शाह लगायतका व्यक्तिहरुसंग मैले सम्झौता तथा करारनामा गरेको हो र उक्त करारनामा सम्पन्न भएपछि उक्त जग्गाको लाग्ने खर्च, मालपोतको कर याम कुमारी गुरुङ र मैले व्यहोर्ने तथा उक्त खर्च गरेपछि ६०% जग्गा जग्गाधनी सुरज शाहले र बाँकी ४०% मध्ये २०% मैले र २०% याम कुमारी गुरुङले प्राप्त गर्ने भनी सहमती भएको हो । मैले करारनामा सुरज शाहसँग गरेको हो र कामको जिम्मा सुजन लामाले लिएको र सो वापत निजले के कति दिने भन्ने विषयमा मलाई केही जानकारी भएन । उक्त जग्गा दर्ता भई मेरो नाममा आएमा मेरो शर्त अनुसार जग्गाको लाग्ने सम्पुर्ण कर म र याम कुमारी गुरुङले तिर्ने भन्ने शर्त रहेकोमा जग्गाधनी सुरज शाहले कुनै पनि रकम मागेको छैन र दिएको पनि छैन । साथै, सुजन लामा भन्ने व्यक्तिले यो काम हुन्छ, सबै कुरामा मैले साथ दिन्छु भनी अदालतको फैसला समेत देखाई मलाई विश्वास दिलाएका हुन । मैले याम कुमारीलाई सापटी स्वरुप रु.१ करोड ७५ लाख रुपैया दिएको ठिक साचो हो । बैंक स्टेटमेन्टमा उल्लेख भए अनुसार मैले २ पटक गरी मेरो गरिमा विकास बैंकको खाताबाट याम कुमारी गुरुङको गरिमा विकास बैंकमा रहेको खातामा जम्मा १ करोड ७५ लाख हालि दिएको ठिक साँचो हो । उक्त रकमको श्रोतमा मैले १ करोड अनुषा शाह, मोबाइल नं. ९८६३१५३८२६ बाट सापटी लिई निज याम कुमारी गुरुङलाई दिएको हो । सम्मानित अदालतबाट भएको फैसला कार्यान्वयन गर्नका लागि सुरज शाह ठकुरीले सुजन कुमार तामाङलाई सम्पुर्ण जिम्मा दिएको हुँदा उक्त जग्गाको सम्बन्धमा करारनामा गर्ने समय पश्चात निजसँग नियमित कुराकानी भएको हो । निज याम कुमारी गुरुङ्ग सुजनको साथी नजिकको मान्छे हुन भन्नेसमेत बेहोराको बयान गरेको देखिन्छ ।**प्रतिवादी रामचन्द्र अधिकारीले अधिकार प्राप्त** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | **अधिकारी समक्ष बयान गर्दा** मेरो सरुवा थमौती गर्ने भनेर सामान्य प्रशासन मन्त्री राजकुमार गुप्तालाई ५३ लाख घुस दिने विषयमा **घरजग्गा व्यवसायीले डिल गरेको कुरा उनीहरु बीच भएको होला,** यस बिषयमा म आफुलाई जानकारी नभएको, यसमा **मेरो कुनै संलग्नता पनि छैन ।** फोटोमा देखाइएका रकमका नोट, रकम लगानी गरी म मालपोत कार्यालय, कास्की बस्न खोजेको छैन । मन्त्री राज कुमार गुप्तालाई विचौलिया मार्फत आफूलाई **मालपोत कार्यालय, कास्की, पोखरामा थमौतीको लागि विचौलिया मार्फत घुस रकम दिएको भन्ने कुरा सरासर झुठ्ठा र निराधार** हो । कानुनले तोकेको अवधिसम्म बस्न पाइएन भन्ने मात्र मेरो गुनासो मन्त्रालयले नसुनेको हुँदा आफूले सचिवस्तरीय निर्णय विरुद्ध **उच्च अदालत, पाटनसम्म स्टेअर्डर माग गरेको मात्रै हो ।** नक्सा.नं. २५, २६ र २८ को जग्गा सम्बन्धमा दुर्गादिवी शाह र निजका हकदारले मालपोत कार्यालयमा वारिसनामा समेत दिई फैसला संलग्न राखी नाता खुल्ने कागजात लगायतका कागजातहरू संलग्न राखी **फैसला कार्यान्वयन गरी पाउन निवेदन दिएका** थिए । फैसला कार्यान्वयन गरी जग्गा दर्ता गर्ने विषयमा केही व्यक्तिहरू कार्यालयमा आएका थिए । जग्गाको काम गर्ने गरी मलाई काज सरुवा थमौती गरिएको पनि होइन । पोखराको जग्गाको विषयमा मेरो कार्यकाल अवधिभरमा नापी कार्यालय, पोखरालाई कित्ता नम्बर, फिल्ड बुक, प्लट रजिष्टर, नक्सा यकिन गरी पठाउन पत्राचार गरेको र निवेदकहरूको हकवाला सम्बन्धमा सम्बन्धित वडा कार्यालयहरुलाई हकवालाहरू खुल्ने गरी सर्जमिन मुचुल्का गरी पठाइदिन अनुरोध गरेकोमा नापी कार्यालयबाट कुनै पनि जानकारी प्राप्त भई नआएको र वडा कार्यालयबाट हकवाला सम्बन्धमा मुचुल्का सहितको पत्र प्राप्त भएको, सो जग्गा सम्बन्धमा मेरो कार्यकालमा कुनै निर्णय समेत नभएको, **मैले तत्कालीन मन्त्री राज कुमार गुप्ता, सचिव रविलाल पन्थ र क.प्र. महाशाखामा भेटेको सत्य साँचो हो ।** सरुवा जानका लागि तत्कालीन भूमि मन्त्री रन्जिता मार्फत गएर कुराकानी गरेमा सुन्नु हुन्थ्यो की भन्ने आशयले मैले **मन्त्री गुप्तालाई एसएमएस गरेको हो ।** उजुरीसाथ प्राप्त हुन आएको नोटको फोटो, नोट नम्बरको फोटो, नोट गन्दै गरेको व्यक्तिको फोटो, जेब्रा झोला र अर्को खैरो झोलाको फोटो, गाडीको सिटको फोटो र पैसा गाडीमा लोड गरेको फोटोको सम्बन्धमा मलाई कुनै पनि जानकारी नभएको, उक्त नोट विवरण सहित **फोटोमा देखाइए अनुसार झ्यालको पर्दा र टि टेबुल समेत हेर्दा मालपोत कार्यालय, कास्कीकै प्रमुख मालपोत अधिकृतको हो की जस्तो लाग्छ** भन्नेसमेत बेहोराको बयान गरेको देखिंदा देखिंदै मिसिल संलग्न उक्त तत्काल प्राप्त प्रमाणको विवेचना नगरी विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने यी प्रतिवादी तुल्सीराम बुढा मगरको हकमा जम्मा रु.५,००,०००।- र प्रतिवादी रामचन्द्र अधिकारीको हकमा जम्मा रु.५,००,०००।— (पाचँ लाख) अत्यन्त न्युन धरौटी माग गरी भएको विशेष अदालतको थुनछेक आदेश प्रमाण मूल्यांकनको रोहमा त्रुटीपूर्ण देखिंदा बदर भागी छ।<br>• थुनछेक आदेशका सन्दर्भमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ग) मा मुद्दाको कुनै पक्षलाई तारिखमा राखी पुर्पक्ष गर्ने वा आवश्यक परेका बखत झिकाउने वा खास समयमा हाजिर हुने गरी तारेखमा नराखी पुर्पक्ष गर्ने, देहाय (घ) मा तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने नदेखिएमा निजसँग निजले हानी नोक्सानी गरेको विगो वा गैरकानूनी रुपमा लिएको रकम र निजलाइ हुन सक्ने कैद र जरिवाना समेतलाई दृष्टिगत गरी धरौटी वा जमानत माग्ने, देहाय (ङ) मा तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिव कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि निजलाइ थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने कानूनी व्यवस्था रहेको देखिन्छ भने विशेष प्रकृतिको कसूर भ्रष्टाचार मुद्दामा बिशेष प्रकृतिको कार्यविधि नै पालना गर्नु पर्ने विधायिकिय मनसाय रहेको देखिन्छ । उपरोक्त कानूनी व्यवस्था अनुसार थुनछेक आदेश गर्दा तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा; (Prima facie Evidence), प्रमाण ऐन २०३१ को दफा १८ र विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (घ) र (ङ) मा उल्लेख भए अनुसार कानून बमोजिम अधिकार प्राप्त अधिकारीले संकलन गरेका प्रमाणहरु अदालतमा विधि सम्मत रुपमा प्रस्तुत भई कानून बमोजिम अधिकार प्राप्त अधिकारीले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | संकलन गरेका सबै प्रमाणहरु तत्काल प्राप्त प्रमाण हुने र ति प्रमाणका आधारमा कसूरदार हो भन्ने विश्वास गर्नसक्ने मनासिब आधार भएमा न्यायिक मूल्याङ्कन गर्नुपर्ने गरी कानूनमा न्यायिक अधिकारीलाई स्पष्ट गरको देखिन्छ । यसरी मनासिव आधार बस्तुनिष्ट, विश्वासनिय, स्वतन्त्र, निर्विवाद र स्वयंसिद्ध प्रमाणबाट पुष्टि हुनुपर्ने, प्रमाण स्वतन्त्र निष्पक्ष तवरबाट प्रक्रिया सम्मत तरिकाले (Due process of law) संकलन भएको हुनुपर्ने अवस्थालाई कानून मै उल्लेख भए बमोजिम प्रस्तुत मुद्दामा आरोपत्रसाथ पेश भएका सवूद प्रमाणलाई विशेष अदालतबाट थुनछेक आदेश गर्दा न्यायिक तवरले अध्ययन व्याख्या विश्लेषण भएको देखिदैन। बिधायिकाले कानून निर्माण गर्दा जघन्य अपराधमा कुनै पनि अभियुक्तलाई मुद्दाको पुर्पक्षको लागी थुनामा नै राखेर मुद्दाको कारवाही गर्नु पर्छ भन्ने मनसाय रहेको देखिन्छ भने गम्भिर प्रकृतिको अपराधमा केवल आर्थिक धरौटीको माध्यमबाट स्वतन्त्रता दिँदा समाजमा गलत सन्देश जाने र बिधिको शासन कमजोर हुन्छ । समाज र राष्ट्रलाई गम्भीर असर पार्ने कसूरमा तत्काल प्रमाणबाट कसूरदार पुष्टि भएको अभियुक्तहरूलाई निर्दोषताको अनुमानका आधारमा छोड्दै जाने हो भने फौजदारी न्याय व्यबस्था सञ्चालन हुन नसक्ने अवस्था पैदा हुन सक्छ। यसै सन्दर्भमा सम्मानित सर्बोच्च अदालतबाट "समाज र राष्ट्रलाई गम्भीर असर पार्ने फौजदारी कसूर गरेको आरोप लागी अदालत समक्ष पेश गरिएका र तत्काल प्राप्त प्रमाणबाट सो अबस्था पुष्टि भएका अभियुक्तहरूलाई निर्दोषिताको अनुमानको आडमा छाड्दै जाने हो भने फौजदारी न्याय प्रशासनले कार्य गर्न नसक्ने भनी ने.का.प २०६६ क ८ नि.नं. ८२०२ मा नजिर सिद्धान्त समेत प्रतिपादन भएको देखिंदा उपरोक्त उल्लिखित तत्काल प्राप्त प्रमाण र सो प्रमाणवाट कसूरदार हो भन्ने मनासिव आधारहरुको विश्लेषण गरी विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम पुर्पक्षको क्रममा थुनामा राखी मुद्दाको कारवाही हुनुपर्नेमा प्रतिबादीहरू रामचन्द्र अधिकारी र तुल्सीराम बुढामगरलाई न्यून धरौटी माग गर्ने गरी भएको विशेष अदालतको उक्त आदेश बेरितको देखिदा बदरभागी रहेको छ।<br>• अतः माथि बिबेचित आधार, कारण, कानूनी व्यवस्था एवं नजिर सिद्धान्त समेतका आधारमा यि प्रतिवादीहरु विरुद्धको उजुरी निवेदन तथा निवेदनसाथ पेश गरेको घुस रिसवत सँग सम्वन्धित श्रव्य/दृश्य सहितको पेन ड्राइभ, उजुरीसाथ प्राप्त घुस रिसवतसँग सम्वन्धित श्रष्य/दृश्य रेकर्डहरु, नोटहरुको फोटो, नोटको नम्वरहरुको फोटो, नगद राखेको झोलाहरुको फोटो, नगद गणना गर्दै गरेको फोटो, मिसिल संलग्न श्रव्य/दृश्य रेकर्डहरू, प्रतिवादीहरुले गरेको श्रव्य/दृश्यको स्क्रिप्ट राईटिङ सनाखत कागज, दुर्गादिवी शाहको हकवालाहरू सुरज शाह ठकुरी, सुनिल शाह ठकुरी, गीता देवी शाह र ध्रुबसिङ ठकुरीसँग प्रतिवादीहरु तुल्सीराम बुढा मगर र याम कुमारी गुरुङले गरेको कराननामा कागज, मालपोत कार्यालय, कास्कीमा भएको स्थलगत मुचुल्का, प्रतिवादीहरुले प्रयोग गर्ने मोबाइल नम्वरहरूको Call Details Report (CDR), SMS & User Details, Tower Location सहितको विवरण, CDR/Location को Link Chart, प्रतिवादीहरू राजकुमार गुप्तासमेतको मोबाइल परीक्षण प्रतिवेदन, डिजिटल फरेन्सिक युनिटको श्रव्य/दृश्य छेडखानी सम्वन्धी परिक्षण प्रतिवेदन, नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, डिजिटल फरेन्सिक ल्याबको स्वर (Voice Spectrum Analysis-VSA) परीक्षण प्रतिवेदन, प्रतिवादीहरूको पोलिग्राफ परीक्षण प्रतिवेदन, यि प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान/ततिम्बा बयान, अनुसन्धानको क्रममा बुझिएका सुरेश गौचन, राजेश गुरुङ, रमेश प्रताप जंग राणा, भिम बहादुर भण्डारी, दावा कुमार तामाङ, पदम न्यौपाने, बिक्रम सिंह तामाङ, उजुरी निवेदक परिवर्तित नाम मोरङ्ग १०(२०८२), प्र.ना.नि. यान बहादुर कुँवर, प्र.ह. डोलनाथ ढकाल, प्र.स.नि. सन्तोष कुमार चौधरी, प्र.स.नि. रोशन लोहनी, राजन गुरुङ्ग, रविलाल पन्थ समेतले गरेको छुट्टाछुट्टै घटना विवरण कागज, प्रतिवादी याम कुमारी गुरुङको नाममा रहेको गरिमा विकास बैङ्क र मुक्तिनाथ विकास बैङ्क, प्रतिवादी तुल्सीराम बुढा मगरको नाममा रहेको गरिमा विकास बैंक र दावा कुमार तामाङको नाममा रहेको स्ट्याण्डर्ड चार्टर्ड बैंकको खाताको बैङ्क स्टेटमेन्ट सहितको विवरण समेतका प्रमाण कागजातहरु एवं यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतवाट **नापी सर्वेक्षक बाल मुकुन्द श्रेष्ठ विरुद्द नेपाल सरकार भएको मुद्दामा** "कुनै प्रमाणको ग्राह्यताका सम्बन्धमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | विचार गर्दा तीनवटा कुराहरू सम्बद्धता (relevance), विश्वसनीयता (reliability) र वजन (weight) महत्त्वपूर्ण मानिने । सम्बद्धता मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता पुर्याउने आधारमा यकिन गरिने हुन्छ भने विश्वसनीयता प्रमाणको स्रोतको आधारमा यकिन गरिने । प्रमाणको वजन प्रमाणको प्रकृतिबाट जस्तो प्रत्यक्ष प्रमाण हो वा परिस्थितिजन्य प्रमाण हो भन्ने आधारमा यकिन गरिने । यस पृष्ठभूमिमा अडियो रेकर्डिङको प्रमाण ग्राह्यताका सम्बन्धमा विचार गर्दा हाम्रो प्रमाण कानूनले यस प्रकारको रेकर्डिङलाई प्रमाणमा लिन नहुने गरी व्यवस्था भएको नपाइने" भनि प्रतिपादित सिद्धान्त र प्रतिवादीहरुको ईन्कारी बयानको हकमा **किरण वि.क. विरुद्ध नेपाल सरकार, कर्तव्य ज्यान [१] मुद्दामा** "कुनै प्रतिवादीले आफू संलग्न वारदातका सम्बन्धमा अनुसन्धान अधिकारीसमक्षको बयानमा आरोपित कसुर स्वीकार गरी अदालतसमक्षको बयानमा असत्य वा झुठो कुरा व्यक्त गर्न सक्दछ तर परिस्थिति र तथ्यले कहिल्यै झुठो बोल्दैन भन्ने मान्यताको जगमा परिस्थितिजन्य प्रमाणको सिद्धान्त अडेको हुन्छ । अप्रत्यक्ष प्रमाणको आधारबाट पनि अदालतले विवादको सही निरूपण गर्नुपर्ने हुन्छ । अपराधीले सदा कसैले देख्ने गरी अपराध नगर्ने र अपराधसँग सम्बन्धित दशी प्रमाणसमेत नष्ट गर्ने प्रयास गर्ने हुँदा फौजदारी मुद्दामा परिस्थितिजन्य प्रमाणबाट पनि दोषी पत्ता लगाउनु पर्ने बाध्यता रहने । कुनै पनि प्रतिवादीले प्रत्यक्ष प्रमाण (Direct Evidence) नष्ट गर्न सक्ने र प्रत्यक्षदर्शीको अभाव रहेको अवस्थामा पनि दोषी पत्ता लगाउनु पर्ने अवस्थामा परिस्थितिजन्य (Circumstantial Evidence) प्रमाणको सहारा लिनु पर्ने हुन्छ । यस्तो अवस्थामा प्रतिवादीले परिस्थितिजन्य प्रमाणलाई दबाउन, लुकाउन वा तोडमोड गर्न कठिन हुने हुँदा प्रत्यक्ष प्रमाणभन्दा यो बढी विश्वासयोग्य मानिने" भनि प्रतिपादित नजिर सिद्धान्त समेतको आधारमा आधारमा यि प्रतिबादीहरू तुल्सीराम बुढा मगर र रामचन्द्र अधिकारीलाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा निज प्रतिवादीहरुलाई न्यून धरौटी माग गर्ने गरी भएको उक्त आदेश बेरितको देखिंदा सो वेरितको आदेश बदर गरी प्रतिवादीहरुलाई थुनामा राखी मुद्दाको पुर्पक्ष पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |